# बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)
मिति २०७५/०७/०९ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ,१.बिराटनगर

सचिव

# बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

**प्रदेश सरकार, माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तरबाट स्वीकृती प्राप्त** मिती : २०७५/०७/०९

प्रस्तावना :

जनसंख्या बृद्धिसंगै बढदो मासुको आपूर्ति एवं आयात प्रतिस्थापन गर्न तथा आय आर्जना माध्यबाट गरिवी न्यूनिकरण सन्दर्भमा बाख्रा तथा बंगुर पालनको महत्वपूर्ण भूमिका रहदै आएको छ । देशमा कुखुरा तथा गाईको दाना उद्योगहरु निजी क्षेत्रमा संचालित रहेता पनि बाख्रा र बंगुरको दाना उत्पादन गर्ने उद्योगको अभाव रहेको देखिन्छ । यसर्थ प्रदेश नं. १ सरकारबाट सरकारी–निजी साझेदारीमा **बंगुर तथा बाख्रा दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका,** २०७५ तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षीप्त नाम र प्रारम्भ**

१.१ यो निर्देशिकाको नाम **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५** हुनेछ ।

१.२ यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगको अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

(क) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ख) **"कार्यालय"** भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई समेत सम्झनु पर्दछ।

(ग) **"साझेदार"** भन्नाले लागत सहभागितामा **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना** कार्यक्रमको लागत सहभागितामा संचालन गर्नका लागि ईच्छुक सहकारी, संघ/संस्था, व्यवसायीक संघ संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवसायीहरुलाई जनाउँदछ ।

(घ) **"साझेदारी"** भन्नाले **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम** संचालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सहकारी, व्यावसायीक वा निजी क्षेत्रको विच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

(ङ) **"गैर सरकारी क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी निकायमा दर्ता भएको सहकारी संघ/संस्था, व्यवसायिक संघ/संस्था फर्म, कम्पनी एवं निजी उद्यमी समेतलाई जनाउँदछ ।

(च) **"अनुदानग्राही"** भन्नाले यस निर्देशिका मुताविक लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने स्थानिय तह, उद्योग बाणिज्य संघ, सहकारी संघ/संस्था फर्म, कम्पनी र निजी उद्यमीलाई जनाउँदछ ।

(छ) **"द्विपक्षिय/बहुपक्षिय सम्झौता"** भन्नाले सम्बन्धित कार्यालय र साझेदारहरुका बिच कार्यक्रम कार्यान्वयन गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(ज) **"सहकारी"** भन्नाले सहकारी ऐन, २०७४ अनुसार तथा प्रदेश सहकारी ऐन वा स्थानिय सहकारी ऐन अनुसार गठित सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(झ) **"प्रस्तावक"** भन्नाले अनुदान कार्यक्रममा भाग लिन इच्छुक भई प्रस्ताव पेश गर्ने सरकारी/सहकारी/व्यवसायीक संघ/संस्थालाई र निजी उद्यमीलाई सम्झनु पर्दछ ।

(ञ) **"प्रस्ताव"** भन्नाले कार्यालयले प्रकाशित गरेको सूचना मुताविक अनुसूची–२ अनुसारको व्यवसायीक योजना र अन्य सान्दर्भिक कागजात सम्झनु पर्दछ ।

(ट) **"बंगुर तथा बाख्राको दाना उद्योग"** भन्नाले बंगुर र बाख्राको दाना उत्पादन गर्नका लागि आवश्यक पूर्वाधार सहितको संरचनालाई बुझाउँदछ ।

(ठ) **"सन्तुलित दाना"** भन्नाले बंगुर/बाख्राको उमेर र शारिरीक अवस्था अनुसारको मापदण्ड बमोजिम प्रोटिन मेटाबोलाइजेवल इनर्जी, खनिज र भिटामिन उपलब्ध हुने गरि तयार गरिएको खुवाउन योग्य दाना सम्झनु पर्दछ ।

**३. यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

(क) बंगुर र बाख्राको दानाको सहज आपूर्तिमा टेवा पऱ्याउने ।

(ख) बंगुर र बाख्रा पालन व्यवसायको व्यवसायीकरणमा सहयोग गर्ने ।

(ग) व्यवसायीक बंगुर र बाख्रा पालन व्यवसायको माध्यमबाट आयात प्रतिस्थान र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

सचिव

## परिच्छेद–२

## कार्यक्रम संचालन प्रकृया

४. अनुदान प्राप्त गर्ने/साझेदार निकायहरु :

क) सहकारी संघ/संस्था

ख) फर्म, कम्पनी

ग) निजी उद्यमी/व्यवसायी

घ) व्यवसायीक संघ/संस्था

५. अनुदान रकम उपलब्ध हुने क्षेत्रः

क) ग्राइण्डर मेशिन

ख) मिक्सचर मेशिन

ग) फिड एड्टिटिभ मिक्सचर मेशिन

घ) कच्चा पदार्थ स्टोरेज ट्याङ्क

ङ) दाना उद्योग भवन निर्माण

च) दाना स्टोरेज रुम

छ) थ्रि फेज लाईन जडान

ज) ६५ के.भी. जेनेटर

झ) दाना ढुवानीको लागि सवारी साधन खरिद

ञ) दानाको बोरा सिउने मेशिन

ट) तौलने मेशिन

ठ) दाना विश्लेषण प्रयोगशाला स्थापना

६. **कार्यक्रम संचालन हुने जिल्लाहरु** : प्रदेश नं.१ अन्तरगतका सबै जिल्लाहरु हुनेछ ।

७. **कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व**

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्रालयको हुने छ ।

ख. साझेदारले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकायहरु बाट लिन सकिने छ।

ग. अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

सचिव

८. कार्यक्रम कार्यान्वयन : यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन हुनेछ ।

क. सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुसूची १ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

ख. कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकहरुले अनुसूची–८ बमोजिमको आवश्यक कागजातहरु सहित तोकिएको निकायमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

ग. रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

घ. उपयुक्तताका आधारमा प्राप्त आवेदकहरुको मूल्याङ्कन प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले गर्नेछ ।

९. स्कीम/व्यवसायिक योजना छनौट

क. व्यवसायिक योजनाकोको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि तपसिल बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

(१) पशुपन्छी विकास महाशाखा प्रमुख — संयोजक
(२) बरिष्ठ कृषि विकास अधिकृत योजना महाशाखा — सदस्य
(३) कानून अधिकृत प्रतिनिधि — सदस्य
(४) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
(५) बरिष्ठ अधिकृत/अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य
(६) पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखाको अधिकृत — सदस्य-सचिव

ख. समितिले आवश्यकताका आधारमा बढिमा २ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

ग. रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट अनुसूची–८ बमोजिमको माग गरेका आवश्यक कागजातहरु भए नभएको सूची पेश गर्नका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले सम्बन्धित कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

घ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले भेरिफिकेसनका लागि प्राविधिक टोली परिचालन गर्नेछ ।

ङ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

च. प्रारम्भिक फिल्ड भेरिफिकेसनमा खटिएको टोलीले अनुसूची–५ बमोजिमको ढाँचामा फिल्ड भेरिफिकेसन गर्नेछ । फिल्ड भेरिफिकेसन मूल्याङ्कनमा कम्तिमा ४० अंक प्राप्त गरेको प्रस्तावलाई प्राथमिकिरण सहित प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिनेछ ।

सचिव

छ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची –६ बमोजिमको मूल्याङ्कन र प्राथमिकिकरण गरी स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष पेश गर्नेछ ।

१० .सम्झौता :

प्रस्तावका आवेदक र कार्यालय विच अनुसूची–७ बमोजिमको ढाँचामा दुई पक्ष बीच सम्झौता गरिनेछ।

## परिच्छेद–३

## अनुदान प्राप्त गर्ने शर्तहरु

**११. अनुदान प्राप्त गर्न अन्तर्गत देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी, उद्योग बाणिज्य संघ/संस्था, फर्म, कम्पनी तथा व्यवसायीक संघ/संस्था र निजी उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना**को भौतिक संरचनाको डिजाइन र इष्टीमेट मान्यता प्राप्त ईन्जिनियरबाट तयार गराई मन्त्रालयको पूर्व स्वीकृत लिई मात्र गर्नु पर्नेछ ।

(ग) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृति कार्यक्रममा अनुदान प्राप्त गरेकाहरु पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदानबाट **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना** भए पश्चात कम्तिमा २० वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(ङ) **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना** सम्बन्धी अन्य कुराको हकमा संघिय सरकारको दाना पदार्थ ऐन, २०३३ र दाना पदार्थ नियमावली, २०४१ बमोजिम बमोजिम हुनेछ साथै उद्योग स्थापना गर्न आकर्षित हुने अन्य प्रचलित ऐन नियमहरुको पालन गरेको हुनु पर्नेछ ।

(च) **बंगुर तथा बाख्राको दाना उद्योग स्थापना** गर्दा संघिय सरकारको वातावरण संरक्षण ऐन २०५४ र वातावरण संरक्षण नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरेको हुनु पर्नेछ ।

(छ) Pre Feasibility Study को प्रतिवेदन पेश गरेको हुनु पर्नेछ ।

सचिव

(ज) साझेदार निकायसंग आफ्नै स्वामित्वको आधा हेक्टर जग्गा हुनु पर्नेछ र लिजमा लिएको जग्गाको हकमा कम्तिमा २० वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(झ) प्रस्तावकले ब्यहोरिने २५% लगानीको (जग्गा र चालु खर्च वाहेक) अनुसूची–४ बमोजिमको प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(ञ) उद्योग स्थापना गर्ने स्थलमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(ट) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्नेछ।

(ठ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण गरिएको हुनु पर्नेछ ।

(ड) स्थानिय तहको सिफारीस भएको हुनु पर्नेछ।

(ढ) फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक नभएको हुनु पर्नेछ ।

(ण) जङ्गल तथा मानिसको बसोवास वा घना वस्तीसंग नजोडिएको हुनु पर्नेछ ।

(त) नयाँ दाना उद्योग स्थापना गर्ने प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

(त) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

## परिच्छेद - ४

## अनुगमन, मूल्याङ्कन र भुक्तानी

१२. अनुगमन र मूल्याङ्कनः

(क) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(ख) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालन गरेको/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

(घ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

१३. भुक्तानी प्रकिया :

(क) कार्यक्रम सम्पन्न भएको आधारमा चार किस्तामा अनुदान रकमको भुक्तानी दिईने छ। प्रथम किस्तामा अधिकतम २५ प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकी रकम दोश्रो, दोश्रो र तेश्रो किस्तामा भुक्तानी गरीने छ।

सचिव

(ख) भुक्तानी हुने रकमको २(दुई) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरि बाँकी उपलब्ध गराईनेछ ।

(ग) छनौट भएको प्रस्तावकले बढिमा तिन वर्षमा कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ । यसका लागि मन्त्रालयले आवश्यकता अनुसार सालबसाली बार्षिक कार्यक्रममा बजेटको व्यवस्था गरी भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

(घ) यस कार्यविधि अनुरुप अनुदानबाट संचालन हुने कार्यक्रमको भौतिक पूर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि बढिमा ७५% अनुदान र घटिमा २५% लागत (जग्गा बाहेक) प्रस्तावकले ब्यहोर्नु पर्नेछ ।

(ङ) प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भए अनुसार संयुक्त अनुगमन टोलीको भएको सिफारिसको आधारमा र दोश्रो, तेश्रो र अन्तिम किस्ता स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

(च) भुक्तानीका लागि आवश्यक विल, भर्पाई र प्राविधिक प्रतिवेदन र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. **प्रतिवेदनः**

(क) अनुदानग्राहीले भुक्तानी माग गर्दा व्यवसायिक योजना मुताविक सम्पादित कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्नेछ। अन्तिम किस्ता भुक्तानीको लागि सम्बन्धित प्राविधिकबाट जारी भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) सरोकारवाला विच कम्तिमा २ पटक निर्माण कार्य शुरु अघि र निर्माण कार्य सम्पन्न गरे पछि सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सार्वजनिक सुनुवाईको प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्नेछ ।

## परिच्छेद–५

### विविध

**१५. आर्थिक प्रशासन सेवा:**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

**१६. कार्वाहीको व्यवस्था:**

सम्झौता बमोजिम अनुदानलाई सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही हुनेछ।

**१७. प्रचलित कानून लागु हुने:**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

**१८. बिमा:** योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन):**

(क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्क निर्णय गर्न सक्नेछ ।

(ख) कार्यविधि कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ग) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेज़ी वा संशोधन गर्न

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची–१

## बंगुर र दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयनकको लागि प्रस्ताव

### आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : /.../....

यस मन्त्रालयको आ.व. २०७५/.../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न लागि यस प्रदेशमा रहेका इच्छुक स्थानिय तह, सहकारी संघ/संस्था, व्यवसायीक संघ/संस्था, उद्योग बाणिज्य संघ/संस्था,/फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं......................मा समा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईड ..................बाट बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका–२०७५ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

### कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागू हुने जिल्लाहरु |
|---|---|---|---|---|
| | | | | |

सचिव

# अनुसूची –२

## आवेदन

श्री.............................

.........................................

**विषय : प्रस्ताव पेश गरिएको बारे ।**

ताहां कार्यालयको मिति.........................को ................ .................पत्रिकामा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

## अनुसूची –३

### संक्षिप्त व्यवसायिक योजना

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१. आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| प्रस्तावकको तर्फबाट | |

२) अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| तपाईको संस्थाले व्यवसाय संचालन सम्बन्धमा भोग्दै आएको समस्याहरु | |
| ब्यवसायिक योजना किन र के कार्यका लागि पेश गर्नु भएको हो | |
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

सचिव

४. आयोजना संचालन प्रकृया

| | |
|---|---|
| आयोजना कसरी संचालन हुन्छ | |

५. अनुदानबाट के उपलब्धि हासिल हुने छ

| | |
|---|---|
| क्षेत्रफल बिस्तार (हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, मे.ट.) | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

६. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |

| खर्च विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |

सचिव

७. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क्र.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

## अनुसूची–४

## लागत साझेदारी गर्ने प्रतिबद्धता

श्री...............................मन्त्रालय/निर्देशनालय/कार्यालयको मिति .....................को .............मा प्रकाशित सूचना अनुसार .......................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका......... गाउँ/टोल बस्ने श्री................ले लागत साझेदारीमा........................ कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु................ को.............प्रतिशतले हुन आउने रु..................... अक्षरेपी .................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

## अनुसूची –५

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्म संचालन स्थलको ठेगाना :

४. प्रस्तावि कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) आवेदकको मूल्याङ्कन

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्ताका लागि जग्गा उपब्ध हुन सक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |

१५

सचिव

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| २ | प्रविधि क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्य प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्न अवस्था छ/छैन | | |
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणीय उपयुक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोट : माथि उल्लेखि प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक भेटी ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उतिर्ण हुनको लागि ४० अङ्क प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा ४० अंक भन्दा कम प्राप्त गरेमा मूल्याङ्कन समितिमा मूल्याङ्कनको लागि छनौट गरिने छैन ।

१६

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण :

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने ।

१.

२.

३.

४.

५

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिए /हुँदैन भनी राय पेश गर्ने ।का तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ

| क्र.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१७

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

अनुसूची -६

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

स्कीम/व्यवसायीक योजना मुल्याङ्कन आधार

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **अनुदानग्राहि संस्थाको अनुभव** | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | | |
| | ५० लाख भन्दा बढि | १० | |
| | रु. ३० लाख देखि रु. ५० लाख सम्म | ८ | |
| | रु. २० लाख देखि रु. ३० लाख सम्म | ५ | |
| | रु. २० लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक , लेखापाल , कार्यक्रम , संयोजकले तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण | २ | |
| २ | **स्कीम/व्यवसायीक योजनाको प्राविधिक पक्ष** | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३. | **आयोजना संचालन प्रकृया** | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |

सचिव

| क.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |
| | ३० भन्दा कम | २ | |
| ३.२ | समावेशिकरण | १५ | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४ | उपलब्धी | २० | |
| ४.१ | उत्पादन उत्पादकत्व वृद्धि | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | ५ | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा **(Gross margin)** | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | **BC ratio** | ५ | |
| | राम्रो | ५ | |

सचिव